**Voice : A Biannual & Bilingual Journal**
*2025 July, Vol : 17, No. 1, pp.167-176*
DOI : https://doi.org/10.3126/voice.v17i1.84788

# कैयौँ एकहरू कवितासङ्ग्रह : एक अध्ययन

मीना कुमारी बराल[१]

**Article Information : Received :** June 17, 2025 **Revised :** June 27, 2025 **Accepted :** July 17, 2025

## सारसङ्क्षेप

कैयौँ एकहरू कवितासङ्ग्रहमा ४४ वटा कविताहरू सङ्गृहीत छन् । अङ्ग्रेजी र तालिम तथा विकास विषयमा स्नातकोत्तर उत्तीर्ण गरेका भीमप्रसाद तिमिल्सिना (भीम प्रज्वल) को प्रस्तुत कृतिमा शीर्षकसंरचना, विषयवस्तु, मूलभाव, लय, भाषाशैली र विम्बप्रतीक अलङ्कार जस्ता उपकरणहरू केकस्तो रुपमा प्रयोग भएका छन् भन्ने अध्ययन यस आलेखमा गरिएको छ । कविले सङ्ग्रहभित्र आफूले देखेभोगेका विभिन्न विषयवस्तुका माध्यमबाट मानसिक तथा शारीरिक स्वास्थ्य, वर्तमान समयमा विकृतिविसङ्गति, बेथिति, पेसाप्रतिका गैह्रजिम्मेवारी, कुलत तथा विचार र व्यवहारमा भिन्नता, भाषिक तथा सांस्कृतिक आञ्चलिकता, राजनीतिक, आर्थिक असमानता आदि विषयवस्तुमा प्रयोगवादी शैलीशिल्प एवं संवादात्मकशैलीसमेतको प्रयोग गरी गम्भीर विचार सम्प्रेषण गर्दै सामाजिक, आर्थिक, राजनीतिक विकृतिविसङ्गतिप्रति व्यङ्ग्य गर्दै सुधारको आग्रह गरिएको निष्कर्ष यस अध्ययनमा निकालिएको छ ।

**शब्दकुञ्जी :** ध्यान, बौजु, सिद्धान्त, मुर्दावाद, कित्ताकाट

[१]नेपाली शिक्षक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके
इमेल : baralmina788@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयपरिचय

दैलेख बेडुपाटाबाट कैलालीको गप्कामा स्थायी बसोबास भएका र हाल नेपालगन्जमा शिक्षा र साहित्यमा सक्रिय रहेका योगमा समेत विशेष रुचि भएका भीम प्रज्वलले विगतमा विभिन्न गीत, गजल, कविता एवं अन्य लेखरचनाहरू फुटकर रुपमा प्रकाशित गर्दै आएका थिए । २०८१ आश्विनमा कैयौँ एकहरू कवितासङ्ग्रह प्रकाशित गरी नेपाली कविता विधामा एउटा इँटा थप्ने काम गरेका छन् । सर्वदा साहित्य सङ्गम नेपालगन्जबाट प्रकाशित प्रस्तुत कृतिमा विभिन्न विषयका ४४ वटा कविताहरू सङ्गृहीत छन् । 'चुनौती' सबैभन्दा लामो सात पृष्ठ आयामको कविता हो भने 'पागलपन' ससाना पाँच पङ्क्तिका सात शब्दमा संरचित सबैभन्दा लघु आयामको कविता हो । यी ४४ वटा कविताका माध्यमबाट कविले मनोशारीरिक स्वास्थ्यका लागि ध्यान आवश्यक भएको, व्यक्ति समयक्रमसँगै वृद्ध हुँदै जाने र अनेकौँ समस्या थपिँदै जाने अवस्था, पेसाभन्दा पैसाप्रति लागिपर्ने, हेल्मेट शिक्षकका रुपमा शिक्षा क्षेत्रका खराबी, राजनीतिक क्षेत्रका अकर्मण्यता र सामाजिक, आर्थिक सुधार हुननसकेकोप्रति विरोध, कुलतजस्ता वर्तमानका यथार्थदेखि निष्काम कर्मयोगसम्मका विषयवस्तु कविले आफ्नो विचारका रुपमा व्यक्त गरेका छन् । विभिन्न अनुच्छेद र संवादात्मक शैलीमा कतिपय कवितामा पात्र वा परिवेशसमेतको प्रयोग गरिएको छ । कविताहरूमा आफ्ना मातृभाषा दैलेखी उपभाषिकाको पनि प्रयोग गरिएको छ। विभिन्न विम्बप्रतीक अलङ्कारहरू प्रयोग भए पनि प्रयोगवादी जटिल संरचना नजिकको शैली उपयोग गरिएकाले कतै कतै समग्रमा अर्थ्याउने अवस्था देखिएको यस कृतिलाई कवितातङ्खवका आधारमा यहाँ अध्ययन गर्ने प्रयास गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत कैयौँ एकहरू कवितासङ्ग्रहको कवितातङ्खवका आधारमा अध्ययन गर्ने उद्देश्य रहेको यस आलेखमा कवितासिद्धान्तसम्बन्धी सामग्रीहरूलाई द्वितीयक सामग्री र विवेच्य कृति कैयौँ एकहरूलाई प्राथमिक स्रोतका रुपमा लिई पुस्तकालयविधिको प्रयोगबाट सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूबाट तथ्यहरूको सत्यापन गरी कृतिबाट प्राप्त सन्देशको विश्लेषण वर्णनात्मक एवं विश्लेषणात्मक विधिबाट गरिएको छ ।

## अनुसन्धानात्मक ढाँचा

कुनै पनि अनुसन्धानमा गुणात्मक एवं परिमाणात्मक दुई प्रकारका अनुसन्धानात्मक ढाँचाको प्रयोगगरिन्छ। साहित्यिक कृतिको अनुसन्धानमा गुणात्मक ढाँचाको प्रयोग हुन्छ । गुणात्मक ढाँचाको प्रयोग गरी असाङ्ख्यिक तथ्यहरूलाई विश्लेषण गरी निष्कर्ष निकालिने गुणात्मक ढाँचामा शाब्दिक रुपमा असाङ्ख्यिक तङ्खवहरूको सङ्कलन गरिन्छ । प्रस्तुत कैयौँ एकहरू कृतिलाई लिखित दस्तावेजका रुपमा लिई कवितातङ्खवका आधारमा विश्लेषण विधिको प्रयोग गरी अध्ययन सम्पन्न गरिएको छ ।

## जनसङ्ख्या तथा नमुना छनौट

भीम प्रज्वलद्वारा लिखित कैयौँ एकहरू कृतिमा केन्द्रित रही कविताका सिद्धान्तहरूलाई सैद्धान्तिक आधार बनाई कवितातङ्खवका आधारमा यस अध्ययनलाई सम्पन्न गरिएको छ । कवितासिद्धान्तसित सम्बन्धित अन्य सामग्रीसमेतको उपयोग यसमा गरिएको छ । मूलतः विवेच्य कृति कैयौँ एकहरूलाई जनसङ्ख्याका रुपमा नमुना छनौट गरी सोदेश्यमूलक रुपमा उपयोग गरिएको छ ।

## तथ्याङ्क सङ्कलन र विश्लेषण

यस अध्ययनलाई प्रामाणिक र उद्देश्यमूलक बनाउन कैयौँ एकहरू कृति र त्यसभित्रको परिधीय खण्डका समीक्षात्मक टिप्पणीहरू, सम्बन्धित अन्य लेखहरू र कोशहरूलाई समेत आधार बनाई तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्राप्त तथ्यहरूलाई सत्यापन र पुष्टिका लागि उदाहरणसमेत प्रस्तुत गरी वर्णन र विश्लेषणद्वारा निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

कुनै पनि अध्ययनलाई निश्चित सैद्धान्तिक आधारका कसीमा राखी अध्ययन गर्दा अध्ययनको उद्देश्यमा पुग्न सहज हुन्छ । त्यसैले विवेच्य कृति कैयौँ एकहरूको अध्ययन गर्दा कविताका सिद्धान्तहरूलाई सैद्धान्तिक आधारका रुपमा लिइएको छ । कविताविधा संस्कृत नेपाली तथा अङ्ग्रेजीलगायत विश्वसाहित्यमा प्राचीनतम विधाका रुपमा रहेको छ । संस्कृत, पाश्चात्य एवं नेपाली कवितामान्यताहरूको अध्ययनबाट नेपाली साहित्यमा परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी र समसामयिक कविताधाराहरूको सैद्धान्तिक आधारहरूलाई अध्ययन गरिएको छ । पूर्वीय काव्य शास्त्रीय मान्यता एवं पाश्चात्यसाहित्यका वाद एवं प्रणालीसमेतबाट नेपाली कवितासिद्धान्त अनुप्राणित भएको छ । मानवमनको कलात्मक एवं लयात्मक अभिव्यक्ति दिने सशक्त विधा कविता हो । कविताका सन्दर्भमा गद्य वा पद्यमा लेखिएको शब्द र अर्थले युक्त लोककल्याणकारी सन्देश दिने रचना कविता हो भन्ने भामहको मत रहेको छ । पूर्वमा आचार्य भामहदेखि जगन्नाथसम्म र पश्चिममा अरिस्टोटलदेखि आई ए रिचर्ड्ससम्मका विद्वान्हरूले कविताका सन्दर्भमा आफ्ना महत्ववपूर्ण विचार व्यक्त गरेका छन् । आचार्य विश्वनाथले रसात्मक वाक्यालाई काव्य मानेका छन् भने आनन्दवर्धनले चमत्कारयुक्त अर्थरुप ध्वनि नै काव्य हो भनेका छन् । आचार्य जगन्नाथले रमणीय अर्थ प्रदान गर्ने शब्दलाई काव्य उल्लेख गरेका छन् भने मैथु आर्नोल्डले जीवनको आलोचना नै कविता हो भनेका छन् । बालकृष्ण सम भावनाको बौद्धिक कोमलतालाई कविता भन्दछन् भने महाकवि देवकोटा कविताको बोली चराको बोली झैँ लाग्दछ भन्दछन् ।

नेपाली साहित्यमा कविताविधाको विकासक्रम नेपाल राष्ट्रको स्थापना पूर्वदेखि भएको मानिन्छ । प्राथमिक, माध्यमिक र आधुनिक तीन काल र विभिन्न मोड उपमोडमा अध्ययन गर्ने गरिएको छ । आधुनिककालमा परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी र समसामयिक कविताधारा अन्तर्गत विभिन्न कृतिहरूको अध्ययन गर्ने गरिएको छ। कविताको अध्ययनमा कविताका अनिवार्य वा आधारभूत तत्ववहरू मूलभाव, भाषाशैली र लय तथा ऐच्छिक तत्ववहरू विषयवस्तु, शीर्षकसंरचना तथा विम्बप्रतीक अलङ्कार र कथनपद्धतिसमेतलाई आधार मानी अध्ययन गर्ने गरिएको छ। यस अध्ययनमा कविताका यिनै तत्ववहरूलाई आधार बनाई कविको सङ्क्षिप्त परिचय र प्रवृत्तिसमेतको अध्ययन गरी अध्ययनलाई पूर्ण गरिएको छ ।

## छलफल तथा निष्कर्ष

### कवि भीम प्रज्वलको सङ्क्षिप्त परिचय र प्रवृत्ति

दैलेखको बेडुपाटामा वि.सं. २०४५ चैत्र ४ गते शिवप्रसाद तिमिल्सिना र नामसरा तिमिल्सिनाका एक मात्र पुत्रका रुपमा जन्मेका भीमप्रसाद तिमिल्सिना साहित्यिक क्षेत्रमा भीम प्रज्वलका नामले परिचित छन् । हाल कैलालीको गप्का भए पनि महेन्द्र बहुमुखी क्याम्पस नेपालगमा उच्च शिक्षा अध्ययन गर्दादेखि नेपालगन्जमा बस्दै आएका भीमप्रज्वल

त्रिभुवन विश्वविद्यालय अङ्ग्रेजी केन्द्रीय विभागबाट अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर र काठमाडौँ विश्वविद्यालयबाट तालिम तथा विकास विषयमा समेत स्नातकोत्तर तह पूरा गरी हाल नेपालगन्जलाई नै कर्मथलो बनाई शिक्षा र साहित्य क्षेत्रमा सक्रिय रहेका छन् । विभिन्न पत्रपत्रिकाहरूमा फुटकर लेखरचनाहरू प्रकाशित गर्दै आएका भीमप्रज्वलले २०८१ आश्विनमा आफ्नो पहिलो कृतिका रुपमा कैयौँ एकहरू कवितासङ्ग्रह प्रकाशित गरेका छन् ।

कैयौँ एकहरू र अन्य फुटकर रचनाहरूका आधारमा कवि भीमप्रज्वलका कवितात्मक प्रवृत्तिहरूको अध्ययन गर्दा उनी सामान्यतः सामसामयिक विषयवस्तुमा कलम चलाउने कविका रुपमा देखिएका छन् । उनका कवितामा जन्मदिने मातापिता, गुरुजन, जन्मभूमिप्रतिको श्रद्धा पाइन्छ । फुटकर कवितामा समेत संवादात्मक शैलीको प्रयोग गर्दछन् । वर्तमान राजनीतिक अकर्मण्यता एवं भ्रष्टाचारी प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै विकृतिविसङ्गतिप्रतिसमेत व्यङ्ग्य गर्दछन् । मान्छेका कुलत, कुसंस्कार, लोभ, मोह, ईर्ष्या आदिप्रति व्यङ्ग्य गर्दै सुधारको आग्रह गर्नेप्रवृत्ति यिनमा पाइन्छ । वर्तमान समयका यथार्थलाई कवितामा सजीव रुपमा उतार्ने तिमिल्सिना प्रयोगवादी, अस्तित्ववादी र विसङ्गतिवादी चिन्तनको अभिव्यक्ति गर्दछन्। जीवनका असङ्गत, विसङ्गत पक्षहरूको चित्रण गर्ने कवि गीताको निष्काम कर्मयोगको प्रयोगका साथै सर्वजनहिताय सर्वजनसुखायको विशिष्ट अभिव्यक्ति आफ्ना कवितामा गर्दछन् । शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग गर्ने तिमिल्सिना आफ्नो दैलेखी भाषिकाको समेत प्रयोग गर्न रुचाउँछन् ।

## कैयौँ एकहरू कवितासङ्ग्रहको विश्लेषण

### शीर्षकसंरचना

कैयौँ एकहरू कवितासङ्ग्रह कुल १०४ पृष्ठको आयाममा संरचित छ। जसमध्ये १० पृष्ठ प्रकाशीय, विषयसूचीलगायत रही पृष्ठ ११ देखि १०४ पृष्ठसम्म ९४ पृष्ठको आयाममा कुल ४४ वटा कविताहरू सङ्गृहीत छन् । सबैभन्दा लामो 'चुनौती' सात पृष्ठ आयामको रहेको छ भने सबैभन्दा सानो अन्तिम कविता 'पागलपन' ससाना पाँच पङ्क्तिमा सात शब्दमा संरचित छ । सिङ्गो सङ्ग्रहको आयाम उपयुक्त भए पनि कविताहरू कतिपय लामा पट्यारलाग्दा र कतिपय एकै सासमा पढिसकिने छोटा खालका छन् । यी कविताहरूमध्ये ३५औँ क्रममा रहेको 'कैयौँ एकहरू' हो जसको नामबाट कवितासङ्ग्रहको शीर्षक राखिएको छ। कैयौँ एकहरू कवितामा जीवनको अस्तित्व र विसङ्गतिको चित्रण पाइन्छ। जिन्दगी ज्युनको लागि हरेक एक दिनको गणितको हिसाब गर्दागर्दै जीवन वित्दै जाने र मानिसका विचारहरू पनि एकपछि अर्को गर्दै जाने र एकको पर्खाइमा जीवन समाप्त हुने भाव व्यक्त गरिएको हुनाले सङ्ग्रहको शीर्षक विषयवस्तु अनुकूल उपयुक्त र औचित्यपूर्ण छ ।

### विषयवस्तु

सर्वदा साहित्य सङ्गम नेपालगन्जबाट २०८१ सालमा प्रकाशित कैयौँ एकहरू कवितासङ्ग्रहमा ४४ वटा लामा छोटा कविताहरू सङ्गृहीत छन् । लामो सात पृष्ठसम्मका कविताहरू र छोटोमा पाँच पङ्क्ति सात शब्दसम्मका कविताहरू समेत रहेका छन् । यी कविताहरूमध्ये 'चुनौती', 'जीवनानन्द', 'सिद्धान्त', 'ऊ किन यहाँ छ?', 'क्रान्ति', 'एक्लै छु म', 'मान्छे नै हो', 'स्वीकारोक्ति', 'सटर', 'काइँली बौजु म तमी जसै भैगयाँ', 'उत्पीडन' कविताहरू लामा आयामका छन् । 'सरस्वती पूजा', 'इतिहासको खोजी', 'फाली' जस्ता केही कविताहरू मध्यम आयामका छन् भने 'विलौना', 'विश्राम', 'वास', 'कान्छी', 'मृत्यु', 'असार पन्ध्र', 'सहिद', 'कृषक', 'विकास', 'दुखाई' र 'पागलपन' आदि कविताहरू लघु आयाममा संरचित छन् ।

उपर्युक्त शीर्षकहरूबाटै विषयवस्तुगत विविधता स्पष्ट हुन्छ । कविले ध्यान गर्नु जीवनका लागि महत्त्वपूर्ण उपलब्धि हो भन्ने विषयलाई 'आऊ ध्यान खेलौँ' शीर्षकमा प्रस्तुत गरेका छन् । कृतिको सबैभन्दा लामो 'चुनौती' कविता संवादात्मक शैलीमा लेखिएको उमेरसँगै शरीर कमजोर हुँदै जाने भएकाले योगमा ध्यान दिनु आवश्यक छ भन्ने विचार व्यक्त गरिएको छ । सोही कवितामा चार ठाउँमा देखिएर विद्वान् बन्ने हेल्मेट प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै कवि लेख्छन् -

त्यो शिक्षक
जसलाई चार ठाउँमा देखिएरै
कहलिनु छ विद्वान्
जम्मा पारेर पसिना चिस्याउनु छ शरीर
तताउनु छ तातिनु छ
अनि निमोठ्नु छ पालुवा
के तिमी माली बन्न सक्छौ ? (पृ. १८)

यसरी दश ठाउँ चहार्ने शिक्षकले विद्यार्थीलाई उचित शिक्षा र ज्ञान दिन सक्दैन भन्ने भावलाई पालुवालाई निमोठ्ने विषयका रुपमा प्रतीकात्मक अभिव्यक्ति दिएका छन् । कवि यथास्थितिवादी प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै भन्छन्

अहँ हुँदैन
फेरिनु छैन कसैलाई
तिमी आफ्नै अडानमा बस
यो युगका मान्छे आफ्नो अडानमा
बस्नेछन् ।
भार बहन गर्न सक्नेछैनन् खुट्टाहरूले
भकारी बनाएर पेट (पृ.१९)

कवि राजनीतिक क्षेत्रका विसङ्गतिहरूप्रति व्यङ्ग्य गर्दै नेताहरूको प्रवृत्तिलाई यसरी व्यक्त गर्छन् :

सुनायौ पुर्खाका कथागाथा
स्वीकार भो र आग्रह
बने त बस्तीहरू ?
वा निर्माण गऱ्यौ समुदाय ?
निर्मु पारेर असमानता, अहँ भएन । (पृ. २०)

कविले 'जीवनानन्द' शीर्षकको कवितामा कुलतबाट समाज विकृत बन्दै गएकोप्रति व्यङ्ग्य गर्दै लेख्छन् :

यदि उसको लोग्ने नस्यसङ्घ सदस्य भए

सङ्घको शक्ति म बुझ्छु । (पृ.२२)

पुनः कवि थप्छन् :

रगत तातो छ
यौवन तातो छ
मलाई धेरै तात्नु छ
हिउका टुक्राहरू भरेर
शरीर चिस्याउँदै
उद्वेलित गरेर मन
तातो तातो बनाइरहनु छ सबै कुरा ।
थप्न पाइन्छ जति पनि । (पृ.२३)

उपर्युक्त कवितांशमा कविले नसा, गाँजा, भाङधतुरो, रक्सीले दिने क्षणिक आनन्द र त्यसले जीवन बर्बाद गरेको अवस्थालाई उल्लेख गरेका छन् । रगत तातो भएजस्तै यौवन तातो भएजस्तै रक्सीको गिलासमा आइसका टुक्रा हालेर शरीरलाई चिस्याउँदै मनलाई तताउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

कवि वर्तमान समयको यथार्थलाई 'ऊ किन यहाँ छ?' शीर्षकको कवितामा यसरी व्यक्त गर्छन् :

निर्बल मिचेर बलवान बन्ने
घातप्रतिघात र द्वन्द्व शक्ति प्राप्तिलाई
व्यक्ति, कबिला, दैवी, समूह
ओहो सत्ताशक्तिको साझेदार
निर्बल मिचिने अनेकौं क्रीडा । (पृ.३२)

कवि निष्काम कर्मयोगीका विचार यसरी व्यक्त गर्छन् :

निरन्तर चालिरहने कर्मवीर पाइला निष्काम बढाउँछ
अपरीगृह पाप मान्छ सो अन्वेषणमा लागिरहने
सर्वजन हिताय मन्त्र जपेर
कर्म गर्ने बगालको न आशा राख्छ न निराश बन्छ
बगाइरहन्छ पसिना गरिरहन्छ कर्म । (पृ.३३)

कवि निजी विद्यालयले भाडाका सटरमा विद्यालयका पसल थापेर विद्यार्थीहरूलाई महँगा पुस्तकको भारी बोकाएर शिक्षामा व्यापार गरिरहेकोप्रति यसरी व्यङ्ग्य गर्छन् :

महँगा पुस्तकको भारी किनेर

महँगो कपडाको टाईले सिञ्चन गर्दै

खनखनी गनेर नगद

फलको गुणस्तर खोज्न बा तयार भएको छ ।

छोरो भन्छ सटरमा छु बा । (पृ.५०)

'सहिद' शीर्षकको छ पङ्क्तिको सानो कवितामा देशका लागि बलिदान गर्ने सहिदको परिभाषा नै फेरिएको वर्तमान विकृत समयले ती सहिदहरूलाई गिज्याइरहेको विचारबाट कवि भन्छन् :

सहिद भन्छ

यो परिचय तिमी नै लैजाऊ

आफै बन सहिद । (पृ. १०२)

कवि भीम प्रज्वलले समसामयिक यथार्थ अवस्थाको चित्रण गर्दै कृतिका कविताहरूमा समाजका असङ्गतविसङ्गत पक्षको अभिव्यक्ति (भकारी बनाएर पेट, पृ.१९), वर्तमान राजनीतिक अकर्मण्यतालाई उछित्तो काड्दै यो युगका मान्छे आफ्नो अडानमा बस्ने छैनन् (पृ.१८), हेल्मेट शिक्षक (पृ.१८), बुढेसकालको समस्या (चुनौती, पृ.१४, १५), रक्सी, चुरोटजस्ता कुलतले जीवन बर्बाद भएको सित्तैमा पाए जति पनि खाने प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गर्दै नेपाली समाजमा रहेका समसामयिक विसङ्गति र विकृतिको अभिव्यक्ति दिएका छन् । 'के तिमी ब्युँझै छौ ?' कवितामा वर्तमान समयमा व्यक्तिहरू आफ्नो अस्तित्वको समेत ख्याल नगरी स्वार्थका लागि लमतन्न पर्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरी आफ्नो अस्तित्व रक्षाको आग्रह गरिएको छ । कवि आफू पनि योगमा विशेष संलग्न भएकाले गीताको निष्काम कर्मयोगबाट जीवनलाई सफल र सार्थक बनाउन सकिन्छ भन्दै लोभमोहमा नलाग्न आग्रह गर्दछन् । वर्तमान समयमा भइरहेको शिक्षाको व्यापारप्रति व्यङ्ग्य गर्दै शिक्षालाई व्यापार बनाई धनार्जन गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । झारफुक मुर्दाबाद भन्दै नाराको पनि प्रयोग गरी यथास्थिति, परम्परागत अन्धविश्वासर व्यथितिहरूप्रति व्यङ्ग्य गरिएको छ । उपर्युक्त विषयवस्तुहरूका आधारमा कविभित्रको व्यङ्ग्यचेतना र दार्शनिक चिन्तन सङ्ग्रहका कविताहरूमा यत्रतत्र छरपस्ट भएर आएको छ ।

यसरी भीम प्रज्वलले यस कवितासङ्ग्रहलाई वर्तमानका यावत् विकृतिविसङ्गतिको पुलिन्दाका रुपमा प्रस्तुत गर्दै हरेक क्षेत्रमा भएका खराबीहरूलाई तीव्र व्यङ्ग्य गर्न पुगेका छन् । समसामयिक यथार्थ अवस्थाको सजीव अभिव्यक्ति यस कवितासङ्ग्रहमा भएको छ ।

## भाषाशैली

अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर तहसम्मको उच्च अध्ययन गरेका भीमप्रज्वल यस कृतिका कवितामा भने प्रयोगवादी लेखनशैली लिएर आएका छन् । आफूभित्रको अमूर्त चिन्तन वा चेतनप्रवाहलाई कवितामा प्रयोग गर्दै विसङ्गतिवादी र अस्तित्ववादी दृष्टिकोणको अभिव्यक्ति दिने यिनका कविता केही बोधगम्य भए पनि कतिपय प्रयोगवादी शैलीका कारण समग्रमा अर्थ्याउनु पर्ने अवस्थाका छन् । प्रयोगवादी शैली ग्रहण गरी सात पृष्ठसम्मका लामा कविता र अमूत चिन्तनलाई चेतनप्रवाह शैलीमा प्रस्तुत गर्दै जाँदा कविता लामा हुन पुगेका र भावयोजना विशृङ्खलित बन्न पुगेकाले समष्टिमा अर्थ्याउनु पर्ने छन् । केही कविता सरल, सुबोध र सम्प्रेष्य भाषामा रचिएका छन् । अङ्ग्रेजीका विद्यार्थी भएका कारणले अङ्ग्रेजी आगन्तुक शब्दहरू, अन्य स्रोतका आगन्तुक शब्दहरू र आवश्यकताअनुसार उर्ध्वगामी, सङ्घ, पश्चगामी, त्राटक आदि तत्सम शब्दहरूको प्रयोग गरिएको छ । कविले आफ्नो बाल्यकालदेखि प्रयोग गरेका मातृभाषा (नेपालीको दैलेखी भाषिका) का पदपदावलीहरू नै प्रयोग गरेका छन् । कवितामा संवादात्मक शैलीको प्रयोग भएको छ । उसले भन्यो - हे स्वामी (चुनौती), बुहारी तिम्रो विचार के हो ? (सिद्धान्त) जस्ता प्रयोगहरू भएका छन् । कविताहरूमा ऊ, स्वामी, ससुरा, बुहारीजस्ता पात्रको समेत प्रयोग भएको छ ।

कृतिमा अलङ्कार विम्ब र प्रतीकहरूको प्रयोगले कवितालाई विशिष्ट बनाएका छन् ।

गद्यलय र प्रयोगवादी शैलीमा लेखिएको भए पनि कृतिका कतिपय कवितामा अनुप्रास अलङ्कारले लय सिर्जना गरी कवितालाई पठनीय बनाएका छन् :

केन्द्र/सहकेन्द्र/उपकेन्द्र
विलीन भएका अस्थिहरू
रङ्गीन जगत्का अनेकौं रङ
छाया मायाका प्रतिच्छाया (पृ.३०)

(यहाँ वृत्यनुप्रास, छेकानुप्रास र अन्तरअनुप्रासको प्रयोगले कविता लयात्मक र पठनीय बनेको छ ।)
कृतिमा भाषाशैलीगत विचलनको प्रयोग प्रशस्तै भएको छ । आदरको विचलन :
तिम्रो पति साथमा छ वा पत्नी साथमा छिन् । (यहाँ आदरमा विभेद गरिएको छ ।)
पत्नी हलुँगो पेयमा फुर्किन्छ (भाषिक विचलन) ।

दैलेखी उपभाषिकाको प्रयोग कविले विभिन्न कविताहरूमा गरेका छन् । केही पङ्क्ति :

पान्नाउला बाँदर देखाइदेखाइ
घोगाका सुल्ता । (पृ.३८)
बा निकै छै क्या
गल्बाउनो राखी धान झाडेर फाल्यापछि
तमीलाई गाडी चाहियो गल्बा अप्ठ्यारा छन् । (पृ.३९)

कवि अस्तित्ववादी चिन्तन यसरी प्रस्तुत गर्छन् :

तिम्रो कुनै अस्तित्व छ र ?
के तिमी जिउँदै छौ ? (पृ.२७)

कृतिका कतिपय कविताहरूमा संवादात्मकशैली प्रयोग गरिएको छ । सिद्धान्त कवितामा यसरी संवाद योजना आएको छ :

ससुराले सोध्यो
बुहारी तिम्रो विचार के हो ?
बुवा मैले विचारमा परिवर्तन ल्याएपछि
हो यो नाता जोडिएको । (पृ. २८)

**लय**

कवितासङ्ग्रहभित्र सबै कविताहरू मुक्तलय वा गद्यलयमा रचिएका छन् । गद्यलयमा कवितात्मक मिठासका लागि आध्यानुप्रास कतै अन्त्यानुप्रास र मध्यानुप्रासको प्रयोगले कविताको लय सिर्जना भएको छ ।

यसैगरी आध्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको सुन्दर संयोजन गरी ससाना पङ्क्तिमा सुन्दर कविता र व्यङ्ग्यात्मक भाव व्यक्त गर्न र लय सिर्जना गर्न सफल कवितांश :

न झ्याल छ बा
न ढोका छ
मात्र सटर छ
यो सटरमा म छु
मेरा साथीहरू छन्
चार थान बेन्च
एक थान शिक्षक
र छन् हाम्रा थानका थान सपनाहरू । (पृ.५२)

**विम्बप्रतीक अलङ्कार**

कवितामा रुपक र उपमा अलङ्कारको प्रयोग भएको छ । यात्री हुँ, म मेरै, बाटोको (स्वामी) रुपक, अपराधीझैँ, क्रियापुत्रीझैँ, कौमार्य बिटुल्याउँलाझैँ,

अनुप्रास अलङ्कारको प्रशस्त प्रयोग भएको छ । जसले कविताका पङ्क्तिहरूलाई श्रुतिमधुर बनाएको । अनुप्रासका आध्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, वृत्यनुप्रासको प्रयोग भएको छ ।

**केही अलङ्कारहरूका नमुना :**

उपमा अलङ्कार :

यसरी चुम्छ गिलासमा स्खलित
कौमार्य बिटुल्याउँला झैँ । (पृ. १६)
म यो युगको यात्री हुँ (पृ.२५)

(यहाँ म पात्रलाई यात्रीको आरोप गरिएकोले रुपक अलङ्कार प्रयोग भएको छ ।)

म मेरै बाटोको स्वामी तिमी एक जीव मात्र फगत जीव । (पृ.२७)

(यहाँ म पात्रलाई स्वामी र तिमी पात्रलाई जीवको रुपमा प्रस्तुत गरी रुपक अलङ्कार प्रस्तुत भएको छ ।)

प्रतीकात्मक अभिव्यक्ति :

हिउँका टुक्रा भरेर शरीर चिस्याउँदै तातो तातो बनाइरहनु छ सबै कुरा । (पृ. २३)

विम्बात्मक भाषा :

विरोधको सुली नचढी चल्यो क्रान्ति (पृ.३७)

वृत्यनुप्रास - छाया, मायाका प्रतिच्छाया (पृ.३०)

अन्त्यानुप्रास - टल्किने बन्द, बारुदको गन्ध (पृ.३५)

आध्यानुप्रास - सटर (पृ.५४)

विसङ्गतपूर्ण भाषा - साख्खै पतिदेव

श्रुतिमय भाषा - सर्वजन हिताय (पृ.३३)

केन्द्रीय भाषिकाको दैलेखी उपाषिकाको प्रयोग - पान्याउलो, गल्बा, निकै छैक्या

रस - भयानकरस (क्रान्ति, पृ. ३५)

### सीमा

वर्णविन्यासगत त्रुटि अत्यधिक - उच्चारित, वैरिउन, मुस्कुराउ (पृ.११)

ध्यान खेलौँ (पृ.१३), पस्किउ, फुँकार (पृ१४)

गुन्जने, हुँकार (पृ.१५)

'स्विकारोक्ति' (पृ.४६) शीर्षक नै गल्ती रहेको छ ।

### निष्कर्ष

फुटकर कविता, गीत, गजल र लेखहरू प्रकाशित गर्दै आएका भीम प्रज्वलको प्रथम प्रकाशित कृति कयौँ एकहरू (२०८१) बाँकेको कविता सिर्जन परम्परामा नयाँ शैलीशिल्प ग्रहण गरी लेखिएको कवितासङ्ग्रह हो । कुल ४४ वटा कवितालाई ९४ पेष्ठको आयाममा समेटिएको छ । भीम प्रज्वल आफ्ना कवितामा गद्यलयको प्रयोग गरी भाषिक विचलन, कतिपय अर्थबोधमा जटिलता र चेतनप्रवाहशैलीका कारण प्रयोगवादी कवि बन्न पुगेका छन् । वर्तमान समयका राजनीतिक, आर्थिक, सामाजिक लगायत यावत् विकृतिविसङ्गतिप्रति व्यङ्ग्य गर्दै मान्छेका कुलत, कुसंस्कार, लोह, मोह, ईर्ष्या आदिप्रति व्यङ्ग्य गर्दै सुधारको आग्रह गर्दछन् । जीवनका असङ्गत विसङ्गत पक्षहरूको चित्रण गर्दै गीताको निष्काम, कर्मयोगबाट सर्वजन हिताय सर्वजन सुखायको भाव आफ्ना कवितामा प्रस्तुत गरेका छन् । वर्तमानप्रति असन्तुष्ट कवि तिमिल्सिनाले कृतिका कतिपय कवितामा आफ्नो मातृभाषा दैलेखी उपभाषिकाको प्रयोग गरेका छन् । अलङ्कार, विम्ब र प्रतीकहरूको प्रयोगबाट गद्यशैलीका कवितालाई पठनीय बनाउने प्रयास गरे पनि कतिपय कवितामा लामा पट्यारलाग्दा पङ्क्तिहरूको संयोजनले केही कविता दुर्बोध्यसमेत बन्न पुगेका छन् । समग्रमा बाँकेको कविताविधामा नयाँ प्रयोगवादी शैलीशिल्पको कृति थपिएको भन्न सकिन्छ ।

### सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०५०), पूर्वीय समालोचना सिद्धान्त, (पाँचौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

तिमिल्सिना, हरिप्रसाद (२०७७), लिम्पियाधुरा, नेपालगन्ज : भेरी साहित्य समाज ।

तिमिल्सिना, हरिप्रसाद (२०७४), समदृष्टि, नेपालगन्ज : भेरी साहित्य समाज ।

त्रिपाठी, वासुदेव र अन्य (२०७२), नेपाली बृहत शब्दकोश, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

नेपाल, देवी (२०६२), छन्दपराग, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

प्रज्वल, भीम (२०८१), कैयौँ एकहरू, नेपालगन्ज : सर्वदा साहित्य सङ्गम ।

बराल, मीना (२०६६), ...' देश दुख्ला भनेर कवितासङ्ग्रहको अध्ययन र विश्लेषण (अ.प्र.), नेपालगन्ज : महेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

रिजाल, ईश्वरीप्रसाद (२०८१), बाँके : शताब्दी साहित्य, नेपालगन्ज : भेरी साहित्य समाज ।